संघर्ष जारी छ !

१३३२०

# संयुक्त जनमोर्चा नेपालको स्थानीय निर्वाचन सम्बन्धी

# घोषणा-पत्र

२०४९

मदन पुरस्कार पुस्तकालय
Digitized by Madan Puraskar Pustakalaya

चुनाव चिन्ह

# संयुक्त जनमोर्चा नेपालको
# स्थानीय निर्वाचन सम्बन्धी घोषणा-पत्र

सत्तारुढ नेपाली कांग्रेसको राष्ट्रघाती एवं जनघाती क्रियाकलाप, नीति र कार्यहरुका विरुद्ध आफ्नो राहतका लागि नेपाली जनता संघर्षको मैदानमा उत्रिएको अवसर छोपेर हतार हतार स्थानीय निर्वाचन गराउन लागिरहेको छ । संघर्षलाई अप्ठेरोमा पार्ने, बिथोल्ने र संघर्षमा सक्रिय रहेका राजनीतिक पार्टीहरु विशेषत: संयुक्त जनमोर्चालाई स्थानीय निकाय र जनताबाट अलग थलग पार्ने एवं तिनमा (स्थानीय निकायमा) आधिपत्य कायम गर्ने सत्तारुढ र विपक्षी दलको आ-आफ्नै योजना अन्तर्गत निर्वाचनको यही समय निर्धारण गर्न लगाइएको छ । यस तथ्यलाई हृदयंगम गर्दै संयुक्त जनमोर्चा नेपालले ऐतिहासिक जन-आन्दोलनबाट प्राप्त सीमित अधिकार र वैधानिक अवसरको उपयोग जन-संघर्षको हितमा गर्ने र संघर्षका विभिन्न रुपहरुको प्रयोग गर्ने नीतिमा दृढ रही संघर्षकै रुपमा स्थानीय निकायको निर्वाचनलाई उपयोग गर्ने नीति तय गरेको छ । जनताका राहत र मांगहरुको पूर्ति गिरिजा सरकारको राजिनामाको निम्ति संचालित भैरहेको संघर्षलाई जारी राख्दै निर्वाचनको उपयोगको राजनीतिक संघर्षमा भाग लिन गैरहेको हुनाले जनता सामु आफ्ना धारणा र नीतिहरु प्रष्टपार्नु संयुक्त जनमोर्चा आफ्नो कर्तव्य ठान्दछ ।

संयुक्त जनमोर्चा, नेपाल मुलुक र जनता सामु रहेका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु समाधान गर्न कटिबद्ध देशभक्त एवं जनतान्त्रिक शक्तिहरुको संगठन हो । नेपालमा स्थापित वर्तमान संवैधानिक राजतन्त्र र पश्चिमा संसदीय पुजिवादी प्रजातन्त्रको राजनीतिक प्रणाली यी आधारभूत समस्याहरुको समाधान गर्न असक्षम रहेको तथ्य विश्व इतिहासले प्रमाणित गरिसकेको हुँदा तिनको समाधान जनताको प्रजातन्त्रले मात्र गर्न सक्नेमा संयुक्त जनमोर्चा विश्वस्त छ । राणाशासनको अन्त पछिको चार दशक भन्दा बढीको हाम्रो आफ्नै देशको र विश्व इतिहासको अनुभवले के पुष्टि गरेको छ भने विदेशी साम्राज्यवादी, पूँजीवादी र देशीय सामन्ती एवं नोकरशाही दलाल पूँजीवादी शोषण र उत्पीडनबाट नेपाली जनताको मुक्ति अर्थात् सामन्तवादको पूर्ण उन्मूलन, विश्व साम्रज्यवाद विशेषत: भारतीय विस्तारवादको उत्पीडन विरुद्ध देशको स्वाधिनताको संरक्षण तथा विदेशी निर्भरता र नियन्त्रणबाट मुक्त आत्मनिर्भर अर्थतन्त्रको निर्माण र जनताका निम्ति पूर्ण राजनीतिक स्वतन्त्रता विना उल्लेखित समस्याहरुको समाधान संभव छैन ।

Digitized by Madan Puraskar Pustakalaya

गत साल भएको आम निर्वाचन पछि सत्तारुढ भएको नेपाली कांग्रेसको सरकारले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका नेपाली जनताका आधारभूत समस्यालाई सुल्झाउनुको साटो अझ जटिल र गम्भीर बनाउँदै लगेको तथ्य जनता सामु छिपेको छैन ।

राष्ट्रियताको सवाल मुलुकको राष्ट्रिय स्वाधिनता र इलाकीय अक्षुण्णताका विरुद्ध भारतीय विस्तारवादीहरुको षड्यन्त्र हुँदै आएको तथ्य सुविदित छ । वर्तमान सरकारको अन्तर्राष्ट्रिय साम्राज्यवाद र विशेषत: भारत-परस्त प्रवृत्ति, नीति र कार्यहरुले गर्दा सधै संकट र खतरामा रहने गरेको राष्ट्रिय स्वाधिनता र इलाकीय अक्षुण्णता माथिको संकट अझ गहन बन्न पुगेको छ । भारतीय एकाधिकार पूँजीको स्वार्थपूर्तिको सेवक बनेर वर्तमान सरकारले दिल्लीले गर्नै गरेको मुद्राको मूल्यांकन, बजारभाउ निर्धारणको उतारचढावलाई ख्याल राख्दै भारतीय अर्थतन्त्र अनुकुल एवं साम्राज्यवादी स्वार्थ अनुरुप नेपालको अर्थतन्त्रलाई संचालित गरेको र मुलुकलाई भारतीय सामानहरुको एकलौटी बजार बनाउन प्रयत्न मात्र गरेको छैन, नदीनाला जस्ता नेपालका प्राकृतिक संपदा र टनकपुरको नेपाली भू-भाग समेत सुम्पने राष्ट्रघाती "सहमति" गरिसकेको छ । नेपाली कांग्रेसको इतिहास एवं वर्तमान राष्ट्रघाती क्रियाकलापहरुको प्रसंगमा कतै यसले भारतीय सुरक्षा घेराभित्र पारेर मुलुकको राष्ट्रय स्वाधिनतालाई सीमित पार्ने त होइन ? प्रबल आशंका उत्पन्न गरेको छ ।

## जनतन्त्रको सवाल

तीस वर्षदेखिको तानाशाही पंचायती व्यवस्था ढलेको र युगौं देखिको निरंकुश राजतन्त्र केही कमजोर भएको भए पनि न राजतन्त्रको निरंकुशता ध्वस्त भएको छ, न त प्राप्त सीमित अधिकारहरुको कुनै ग्यारेण्टी नै छ। जनताको सार्वभौमिक अधिकार स्थापित गर्ने मूल समस्या टुंगिएको छैन। सीमित प्रजातन्त्रको विरुद्ध दरवार मात्र होइन, नेपाली कांग्रेस समेत षड्यन्त्रमा सामेल भएको छ। शान्तिपूर्ण तरिकाले भेला हुने र सभा सम्मेलन गर्ने संविधान प्रदत्त अधिकारमाथि गिरिजा सरकारले गत चैत्र २३ र २४ गते हस्तक्षेप गरेर पूँजीवादी प्रजातन्त्र कै उपहास गरेको छ भने, प्राकृतिक संपदा सम्बन्धमा संसदको दुई तिहाइ बहुमतको स्वीकृति लिएर मात्र संझौता लागू गर्नु पर्ने संवैधानिक प्रावधानको उपेक्षा गरेर संविधान र कानूनको आफैले खुल्ला उल्लंघन गरेको छ। कांग्रेसी सरकारको मानव अधिकार र प्रजातन्त्रको नारा भिन्न मत राख्ने राजनीतिक कार्यकर्ताको दमन गर्ने, गणतन्त्रवादीहरुलाई धम्की दिने एवं उचित जीवन निर्वाहका लागि राहतका न्यायपूर्ण माग राखी सडकमा उत्रेको जनताको रगतमा होली खेल्ने र नरसंहार गर्ने साधन बनेको छ। यस अतिरिक्त यो नारा आम जनताको रायलाई लत्याई पंचायती कालका भ्रष्टाचारी एवं जनहत्याराहरुलाई सुरक्षा दिने र अरु थप त्यस्तै भ्रष्टाचारी एवं जनहत्याराहरु जन्माउने हतियार भएको छ। आफ्नू पार्टीको महामन्त्री भएका बेला आफ्नो सुरक्षा गर्न नसकेको भनी अन्तरिम कालको आफ्नै गृहमन्त्रीको राजीनामाको माग गर्ने गिरिजा प्रसाद कोइराला चैत्र २४ को जनसंहारको मूली भएर पनि उनको राजीनामाको माग गरी जनता सफलतासाथ "नेपाल बन्द" को संघर्षमा उत्रदा पनि निर्लज्जता साथ प्रधानमन्त्रीको कुर्ची समातेर बसिरहेका छन्। व्यक्तिको योग्यता र क्षमतालाई कुनै कदर नगरी प्राज्ञिक, प्रशासनिक, राजनीतिक संपूर्ण क्षेत्रमा विरोधीलाई पजनी गर्ने र जे जस्तो सुकै कांग्रेसीहरु भरेर कांग्रेसीकरण गरिंदो छ। वास्तवमा नेपालमा सीमित पूँजीवादी प्रजातन्त्र निरंकुशतन्त्रको अर्को संस्करण सावित भैरहेको छ।

मदन पुरस्कार पुस्तकालय
Digitized by Madan
Puraskar Pustakalaya

## जनजीविकाको सवाल

जहाँसम्म गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा जस्ता जीवनका अत्यावश्यक वस्तुहरु जनताका निम्ति सस्तो, सुलभ र पर्याप्त मात्रामा पूर्ति गराउने जनजीविकाको समाधानको प्रश्न छ, सरकारले यसलाई अझ भयावह र विकराल बनाएको छ। जनताको बाँच्ने समस्या झन् झन् गंभीर हुँदै गएको छ, झन् झन् बढी संख्यामा आम जनता गरीबीको रेखामुनी खस्दै गैरहेका छन्। पंचायती शासन अन्तर्गत जुन किसिमको परिपाटी र तौरतरिका रहेको थियो, त्यो सब अध्यावधि कायम छ। पहिले झैं नातावाद, कृपावाद, घुसखोरी र भ्रष्टाचार चलिरहेकै छन्, महंगी झन् झन् बढ्दो छ। मनपरीतन्त्र र अराजकता झन् व्यापक हुंदो छ। सरकारले जनताका सामस्याहरु हल गर्न कुनै पाइला चाल्नु भन्दा पनि आफ्नो पार्टीस्वार्थ, गुटस्वार्थ र पदलोलुपताको पूर्तिका निम्ति सत्ताको दुरुपयोग पूरापुर गरिरहेको छ। काला बजारीया, तस्कर दलाल एवं ठूला व्यापारीको हितमा दैनिक उपभोग्य वस्तुहरुमा कहाली लाग्दो मूल्यवृद्धी गराउन सरकारले खुला छूट दिएको छ भने सरकारी नियन्त्रणमा रहेका संस्थानहरु मार्फत जनताको ढाड भाँचिने गरी पानी, बिजुली, कृषि मल, इन्धन, टेलिफोन लगायतका अत्यावश्यक सामग्रीमा चर्को मोल बढाएको छ। एकातिर जनताको ज्यूधनको कुनै सुरक्षा छैन भने अर्कातिर सरकारी राज्यआतंक, कांग्रेसी गुण्डागर्दी र "शान्ति सेना" को देशव्यापी आक्रमण सुनियोजित रुपबाट संचालन गर्ने प्रयत्न भैरहेको छ। सुकुम्वासीहरुलाई बसोवासको वैकल्पिक व्यवस्था विना नै उठाउने, कृषि उपजको समुचित मूल्य निर्धारण गर्ने, कृषि मलको मूल्य नियन्त्रण गर्ने, कृषि

मजदूरको न्यूनतम ज्यालासम्म निर्धारण गर्ने काम नगरेर कृषकहरुलाई अन्यायमा पार्ने, संघर्षमा उत्रिएका मजदूर, कर्मचारी, शिक्षक एवं विद्यार्थीहरुलाई दमन गरी तिनका उचित मागहरुको उपेक्षा गर्ने अझ कर्मचारी र शिक्षकहरु माथि प्रतिशोधपूर्ण कारवाही चलाउने जस्ता कार्यहरु सरकारका सामान्य क्रियाकलाप भएका छन् । वेरोजगारलाई रोजगारी दिने, उत्पीडित जाति, जनजाति, "अछुत" जाति एवं विभिन्न भाषाभाषी एवं तराई क्षेत्रका जनता माथिका भेदभावपूर्ण र असमान व्यवहार हटाउने, महिला माथिको असमानता हटाउने एवं तिनको बेच विखनमा प्रतिबन्ध लगाउने कार्यमा कुनै प्रयत्न भएको छैन । अर्घाखाँचीदेखि खोटाङ् सम्मका विभिन्न हत्याकाण्ड र जनताका अत्यावश्यक १४ सूत्रीय मागहरु राखी संघर्षमा उत्रेका जनताको नरहत्याले नेपाली कांग्रेसको जनविरोधी चरित्रलाई राम्ररी छर्लङ्ग पारेको छ ।

यसरी घटनाक्रम एवं तथ्यहरुले के पुष्टी गरेको छ भने संवैधानिक राजतन्त्र र संसदीय व्यवस्था सामन्त, ठूला पूँजीपति र अल्पसंख्यक परजीवी शोषक वर्गको स्वार्थको संरक्षण र सम्बर्धन तथा बहुसंख्यक जनतामाथि शोषण र दमनको साधन भएको छ । नेपालमा मात्र होइन विश्वभर नै संसदीय व्यवस्था र पूँजीवादी प्रजातन्त्र शोषकवर्ग मूलत: पूँजीपति वर्गबाट नेतृत्व गरिने पूँजीवादी शोषण एवं उत्पीडनलाई सर्वसाधारण जनतामाथि कायम राख्ने दमनको एउटा साधन र पूँजीवादी अधिनायकत्व मात्र सावित भएको छ । संसारभरि नै प्रजातन्त्र, समानता र मानव अधिकारको चास्नीमा शोषक वर्गीय विषालु चरित्रलाई लुकाउन प्रयास भए जस्तै "आज शिशु प्रजातन्त्र जोगाइ देउ, भोलि मागहरु पूरा गरिदिनेछु" भन्ने कांग्रेसी सरकारको हारगुहार जनतालाई राहत दिनेछु भन्ने प्रधानमन्त्री कोइरालाको वचन जस्तै हात्तीको देखाउने दाँत मात्र हो ।

संयुक्त जनमोर्चा नेपाल जनतालाई कुन कुरामा सचेत पार्न चाहन्छ भने वर्तमान सम्विधान निरंकुश राजतन्त्र र निर्दलीय पंचायती व्यवस्थाका तुलनामा एक पाइला अघि भए तापनि यसले मुलत: सामन्त नोकरशाह एवं दलाल पूँजीपति जस्ता प्रतिक्रियावादी वर्गकै स्वार्थको प्रतिनिधित्व गर्दछ । शोषक वर्गको हितको संरक्षण र संवर्धन गर्ने संसदीय व्यवस्था र संवैधानिक राजतन्त्रबाट प्रत्येक नेपाली नागरिकले कर्तव्य र अधिकारका रुपमा काम गर्न पाउने अधिकार, योग्यता अनुसार काम र काम अनुसार सम्मानयोग्य दाम, मानवोचित जीवननिर्वाहका साधनहरु, वालवालिका निम्ति निशु:ल्क शिक्षादीक्षा, जीवनपर्यन्त सुलभ स्वास्थ्य सेवा, समूचित वसोवासको प्रबन्ध प्राप्त गर्न सक्छ र जनतालाई फाइदा पुग्छ भन्ने सोच्नु मृगमरिचिका मात्र हो । कसैले वर्तमान व्यवस्थाबाट शान्तिपूर्ण तरिकाले जनताको प्रजातन्त्र प्राप्त हुन सक्छ र यसैको माध्यमबाट जनताको हितमा सामाजिक रुपान्तरण गर्न सकिन्छ भनी जनताको संघर्षबाट पलायन गर्ने र सत्ताधारी वर्गलाई सरसहयोग पुऱ्याउँछ भने त्यस्ले जनतालाई झुक्याउने कार्य मात्र गर्दछ । त्यस प्रकारको विचार राख्ने नेतृत्व गुटले अहिलेको आन्दोलनकै सन्दर्भमा ने.का.को हत्यारो गिरिजा सरकारसंग साँठगाँठ गरी जनताको आन्दोलका विरुद्ध खडा भएको तथ्य सबैका अगाडि स्पष्ट नै छ । जनताको पक्षमा रहेको दावी गर्ने राजनीतिक पार्टी र तिनको नेतृत्व गूटका यस्ता संसदवादी विचारहरुका विरुद्ध बैचारिक संघर्ष नगरी जनताको प्रजातन्त्र हासिल गर्न सकिदैन ।

स्थानीय निकाय राजनीतिक इकाइ मात्र नभएर न्यायिक, प्रशासनिक र विकास तथा निर्माणको थलो पनि हो । स्थानीय जनताका समस्या आवश्यकता र सुख दु:खबाट अलग रहेर जनताको राजनीति गर्ने कुनै पनि पार्टीले आफ्नो राजनीतिक आधार तयार पार्न नसक्ने कुरा घाम जत्तिकै प्रष्ट छ । जनताको आन्दोलनको स्थितिले वर्तमान शासन व्यवस्थालाई निषेध गर्न नसकेको आजको अवस्थामा स्थानीय निर्वाचनको उपयोग गरेर व्यवस्थाको निषेधको निम्ति जनतालाई सचेत पार्नु, संगठित गर्नु, प्रतिक्रियावादी र पुनरुत्थानवादी तत्वहरुको प्रभावबाट तिनलाई मूक्त पार्नु र तत्काल गिरीजालाई राजीनामा दिन बाध्य पार्नु आजको सन्दर्भमा

अपरिहार्य विषय बनेको छ । यही तथ्यलाई ध्यानमा राख्दै संयुक्त जनमोर्चा नेपालले स्थानीय निकायको निर्वाचनलाई उपयोग गर्न आवश्यक ठानेको हो ।

विकासको तल्लो निकाय र जनताले त्यसको सिधा उपभोग गर्न सक्ने स्थान स्थानीय निकाय नै हो । स्थानीय निकायमा मजदूर किसान लगायतका श्रमजीवी जनताको उचित प्रतिनिधित्व हुन सकेको खण्डमा स्थानीय बहुसंख्यक जनताको आवश्यकता अनुरुप विकासको प्राथमिकताको छनोट गर्ने, उपयोगका सम्बन्धमा जनसहभागीता कायम गराई सबैलाई संलग्न गराउने र केन्द्रबाट आएको विकास बजेटमा संभावित भष्टाचार रोक्न सकिने स्थिति शृजना हुन सक्दछ । त्यसैले संयुक्त जनमोर्चाका प्रतिनिधिहरुले स्थानीय निकायले प्राप्त गर्ने न्यायिक, प्रशासनिक अधिकार र विकास वजेट माथि रहने गरेको शोषक वर्गको एकाधिकार माथि प्रहार गरी ती निकायका कार्यकलापहरुमा जनआकांक्षा प्रतिबिम्बित गराउन दवाव दिने, स्थानीय निकायका निमित्त छुट्याइएको विकास बजेटमा हुने गरेको भ्रष्टाचार र दुरुपयोगलाई निरुत्साहित पार्ने, त्यस्तो भष्ट्राचार र दुरुपयोगलाई भण्डाफोर गर्ने र विकास वजेटलाई बहुसंख्यक जनताको पक्षमा उपयोग गर्न प्रयत्न गर्ने, स्थानीय तहमा जालीफटाहा, सामन्त लगायत सम्पन्न वर्गको हितमा केन्द्रित हुने गरेका साधन श्रोत एवं विकास र निर्माणका कार्यलाई उत्पीडित वर्ग एवं आम जनताको पहुँचतर्फ प्रवाहित गर्न प्रयास गर्ने र सामन्ती राजतन्त्रात्मक संस्कृतिको स्थानीय अभिव्यक्तिको रुपमा रहेको जनविरोधी मुखिया संस्कृतिका विरुद्ध जनतामाझ सांस्कृतिक जागृतिको अभियान चलाउने जस्ता कामलाई निर्वाचन उपयोगको उद्देश्य बनाउने छन् । यस अतिरिक्त पूँजीवादी व्यवस्थाको वास्तविक चरित्र र सीमितताहरुको भण्डाफोर गर्ने, संसदीय बाटोबाट जनतालाई मुक्ति मिल्न नसक्ने वास्तविकतालाई व्यवहारिक रुपबाट बोध गराउने कार्य गरी जनतालाई राजनीतिकरुपबाट सचेत र संगठित बनाउने कार्यलाई प्राथमिकता दिइनेछ ।

प्रशासनिक विकेन्द्रीकरण र स्वायत्त प्रशासनको धारणा अन्तर्गत जनताका दैनिक कार्यहरुका निम्ति स्थानीय निकायले महत्वपूर्ण स्थान ओगट्दछन् । तर वर्तमान सरकारले स्थानीय निकायलाई आफ्नो मुठ्ठीमा कस्ने र केन्द्रीय सरकारको पिछलग्गु बनाउने निहित उद्देश्य अनुरुप विभिन्न निहुँमा तिनलाई निलम्बन गर्ने जुन नीति लिएको छ, संयुक्त जनमोर्चा त्यसको पूर्ण विरुद्धमा छ र स्थानीय निकायको पूर्ण स्वायत्तताको पक्षमा रहेको छ । अतः यस मोर्चाका उम्मेदवारहरुले स्थानीय समस्यामा जनतालाई गोलबन्द गरी तिनको समाधानमा सक्रिय रहे जस्तै स्थानीय निकायको स्वायत्ततालाई पनि प्रमुख विषय बनाउने छन् । स्थानीय विकासका निम्ति जमीन अनुरुपको खेतीपाती गर्न, नगदेवाली लगाउन, ठाउँ अनुरुप उपयुक्त पेशा एवं व्यवसाय संचालन गर्न किसानहरुलाई प्रोत्साहन, गाउँमा रहेको कच्चा पदार्थ र शिपको उचित उपयोग गरी बेरोजगारी हटाउन ग्रामीण उद्योगहरुको स्कीम तयार पारी त्यस्ता उद्योगहरुको स्थापना र संचालनमा सरसहयोग, उन्नत कृषि खेतीका निम्ति समुचित तालीम वाली प्रबर्धनका निम्ति प्रेरणा, साना किसानका निम्ति बैंक ऋण सरल र सुगम बनाउने प्रयत्न, साना किसानहरुको बचेको खाद्यान्न संरक्षण र उचित मूल्य प्राप्त गराउन सामुदायिक प्रणालीको प्रबन्धद्वारा बजारको व्यवस्था, गाउँले वेरोजगारी हटाउन गाउँमै आर्थिक कृयाकलाप संचालित गराउन व्यवसायिक ऋण उपलब्ध गराउन सरसहयोग र त्यस निम्ति तालीमको प्रबन्ध, अर्ध-बेरोजगार महिलाहरुका निम्ति सिलाइ बुनाइ आदिको तालीम, ग्रामीण जीवनस्तर उठाउन विविध कार्यक्रमको संचालन, स्वस्थकर आवासको निर्माण निमित्त तालीमको व्यवस्था, प्रत्येक गाउँमा स्वास्थ्य चौकीको स्थापनाका निम्ति प्रयत्न र त्यसको व्यवस्था नहुन्जेल प्राथमिक उपचारको प्रबन्ध, शिक्षा सुलभ र सरल बनाउन छुट्टाछुट्टै महिला पुरुष प्रौढ कक्षा संचालन, प्रत्येक वडामा प्राथमिक विद्यालय, प्रत्येक गाउँमा माध्यमिक विद्यालय र प्रत्येक ३/४ गाउँका बीचमा पशु स्वास्थ्य चौकीको स्थापना गर्ने प्रयास, स्वस्थ खानेपानीको प्रबन्ध, तराईका प्रत्येक गाउँलाई विद्युतीकरण गर्न क्रियाशीलता, पहाडी गाउँमा हुने फलफूल खेतीका निम्ति संरक्षण र बजारको

व्यवस्था, बाटोघाटोको समुचित व्यवस्था आदिका निम्ति समेत मोर्चाका विजयी उम्मेदवारहरुको सक्रिय भूमिका रहनेछ ।

शहरी क्षेत्रहरुमा उनीहरुको भूमिका माथिका कतिपय कार्यका अतिरिक्त शहरलाई सफा सुग्घर राख्न बसपार्क, बालउद्यान, बगैचा निर्माण, स्वस्थ खानेपानीको व्यवस्था, उपत्यका र तराईका शहरमा तत्काल भूमिगत बोरिङको व्यवस्थाद्वारा खानेपानी उपलब्ध गराउने, हरेक मोटर चल्ने शहरमा एम्बुलेन्स र दमकलको प्रबन्ध, व्यवस्थित शहर निर्माणका निम्ति आवास क्षेत्रको बैज्ञानिक योजना, ऐतिहासिक एवं सांस्कृतिक स्थलहरुको संरक्षण, पशु वधशालाको समुचित व्यवस्था, यातायातका साधनहरुको पर्याप्त व्यवस्था, उपत्यकामा थोत्रा र पुराना यातायात चलाउन प्रतिबन्ध, मजदुर सुकुम्बासीहरुको बसोवासको समुचित व्यवस्था, मुद्रास्फिति अनुसार मात्र घरभाडा तथा डेराभाडा लिन पाउने व्यवस्था गरी त्यसको क्रियान्वयन, माग्नेहरुलाई कामको प्रबन्ध, मदिराको व्यवस्थित किनबेचको प्रबन्ध र नियन्त्रण, सडक, पेटी, सडकमाथि पुल निर्माण, घर भत्काउने परिपाटी माथि प्रतिबन्ध जस्ता कार्यमा आवश्यक सरसहयोग पुऱ्याउनु हुनेछ ।

दरवार, पंच र नेपाली कांग्रेस जस्ता निरंकुश पुनरुत्थानवादी एवं प्रतिक्रियावादी तत्वहरुलाई एक्लो पारी तिनलाई पराजित गर्नु पर्ने आवश्यकता अनुरुप संयुक्त जनमोर्चा नेपालले "प्रतिक्रियावादीलाई हराऔं, प्रगतिशीललाई जिताऔं" भन्ने मूल नीति स्थानीय निर्वाचनका निम्ति निर्धारण गरेको छ । संसदीय व्यवस्थाका विपक्ष र जनताको प्रजातन्त्रको पक्षमा रहेका प्रगतिशील तत्वहरुको तालमेललाई संयुक्त जनमोर्चा नेपालले प्राथमिकता दिनेछ र कतिपय अवस्थामा त्यसो गर्दा प्रतिकृयावादी तत्व पराजित हुन नसक्ने देखिएमा संसदीय व्यवस्थाका आलोचनात्मक समर्थकहरुलाई समेत तालमेलमा समावेस गराउन सकिने छ । पछिल्लो अवस्थामा भने संयुक्त चुनाव प्रचार प्रसार समितिहरु एउटै बनाउन नसकिए पनि एउटै मंचमा भने सहभागी हुन सकिने छ ।

संयुक्त जनमोर्चा जनतालाई कुन तथ्यबाट सचेत पार्न चाहन्छ भने वर्तमान आर्थिक राजनीतिक परिस्थिति अन्तर्गत स्थानीय निर्वाचनको उपयोगबाट जनताको वास्तविक आकांक्षा फलिभूत हुन सक्दैन । गाउँघरमा शोषक सामन्त जाली फटाहा विरुद्ध चल्ने किसान संघर्ष, पूँजीपति विरुद्ध शहरमा चल्ने मजदूर संघर्ष र जनसंघर्षहरु संगै निर्वाचनको उपयोगको नीतिलाई संचालन गर्न सकेको खण्डमा मात्र आन्दोलनलाई गति दिन सकिने छ र गिरिजा सरकारलाई राजीनामा दिन बाध्य गराउन गाउँमा समेत जाली फटाहा विरोधी आन्दोलन विकसित गर्नु पर्नेछ । राजनीतिक, आर्थिक, प्रशासनिक लगायत राज्यका सम्पूर्ण मामिलाहरुमा सर्वहारा वर्गको नेतृत्वमा मजदूर, गरीब किसान र निम्न पूँजीपति एवं राष्ट्रिय पूँजीपति वर्गको समेत सहभागीतामा मात्र जनताको प्रजातन्त्र फष्टाउन सक्ने छ भने वर्तमान अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक आर्थिक सामाजिक सम्बन्धमा आमूल परिवर्तन नल्याई सीमित शोषक वर्गले विकासको फल उपभोग गर्ने परिपाटीको अन्त र विकासको फल बहुसंख्यक श्रमजीवी जनतामा न्यायपूर्ण तरीकाले वितरण हुन सक्दैन । यी समस्याको समाधानको निम्ति आम जनता आफै जागरुक हुनु,संगठित हुनु र आन्दोलनको विकास गर्नु नितान्त जरुरी छ । आफ्नो मुक्तिको प्रश्नलाई जनताले स्वयं आफ्नो हातमा लिएर संगठित एवं सवल संघर्षद्वारा त्यसलाई प्राप्त गर्ने मार्गमा अग्रसर हुनुपर्दछ । संगठन र संघर्ष जनताको मुक्तिको एक मात्र उपाय भएकाले स्थानीय निर्वाचनमा सहभागी यस मोर्चाका उम्मेदवारहरुले यस उपायलाई सहयोग पुऱ्याउन संयुक्त जनमोर्चा समेत समावेस केन्द्रीय संघर्ष समितिको गिरिजा सरकारको राजीनामा लगायत निम्न १९ सूत्रीय मागहरुलाई नै तात्कालीन कार्यक्रम बनाउने छन् र स्थानीय निर्वाचनको उपयोगलाई समेत संघर्षको अर्को रुप प्रदान गर्ने छन् ।

## मागहरू

## राष्ट्रियता, जनतन्त्र जनजीविकाको सुनिश्चितताका निम्ति:

१. मलखाद, विजुली, पानी टेलिफोन लगायत दैनिक उपभोगका वस्तुमा भैरहेको चर्को मूल्यवृद्धि (महंगी) नियन्त्रण गर। भ्रष्टाचार, कालाबजारी तस्करी तुरुन्त बन्द गर।
२. प्रशासन, संचार, शिक्षा लगायत सबै क्षेत्रमा भइरहेको कांग्रेसीकरण बन्द गर।
३. सरकारी आतंक, हत्या, दमन, गोलीकाण्ड र गुण्डागर्दी बन्द गर। जनताको ज्यूधनको सुरक्षा गर।
४. १९५० लगायतका सबै असमान सन्धि, सम्झौता र समझदारी खारेज गर। भारतलाई नदीनाला सुम्पने "सहमति" बदर गर।
५. सुकुम्वासीहरुलाई बसोवासको व्यवस्था गर। वास्तविक सुकुम्वासीहरुलाई वसोवासको बैकल्पिक व्यवस्था विना हटाउने काम बन्द गर।
६. कर्मचारीहरुमाथिको अन्यायपूर्ण निलम्बन र खारेजी बन्द गर। कर्मचारी आन्दोलनका सन्दर्भमा प्रतिशोधात्मक तरिकाले खारेजीमा परेकाहरुलाई स-सम्मान पुनर्वहाली गर।
७. कृषि तथा औद्योगिक मजदूरहरुको न्यूनतम ज्याला निर्धारण गर। बेरोजगारहरुलाई काम मामको व्यवस्था गर।
८. किसानहरुमाथिको अन्याय, अत्याचार, शोषण बन्द गर। कृषि उपजको समुचित मूल्य निर्धारण र बजार व्यवस्था गर।
९. शिक्षा क्षेत्रमा भैरहेको व्यापारीकरण बन्द गर। शिक्षण शुल्क र सामग्री सस्तो गर।
१०. उत्पीडित जाति, जनताति एवं "अछुत" जाति माथिको भेदभाव बन्द गर। रेडियो, टी.भी लगायतका संचार माध्यमहरुमा देशका सबै भाषाहरुलाई समुचित अवसर प्रदान गर।
११. महिलाहरुमाथि भैरहेका सम्पूर्ण भेदभावपूर्ण व्यवहार तथा वेचविखन बन्द गर। छोरीलाई छोरा सरह सम्पत्तिको अधिकार कायम गर।
१२. तराई एवं दुर्गम क्षेत्रमा बसोवास गर्ने जनतामाथि भैरहेको भेदभाव बन्द गर। नागरिकता वितरणमा भैरहेको धाँधली अन्त्य गर।
१३. पंचायती कालका भ्रष्टाचारी र जनहत्याराहरुमाथि तुरुन्त कारवाही गर।
१४. जनआन्दोलनबाट प्राप्त सीमित अधिकारहरु खोस्न राजा लगायतका पुनरुत्थानवादी शक्ति र कांग्रेसी सरकारको गठबन्धनबाट भैरहेको षड्यन्त्र बन्द गर।

मदन पुरस्कार पुस्तकालय
Digitized by Madan Puraskar Pustakalaya

## चैत्र २४ गतेको हत्याकाण्ड पछि थपिएका मागहरू

१५. हत्यारा गिरिजा सरकार तुरुन्त राजिनामा गर।
१६. शहीदको परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर। घाइतेहरुको उचित उपचारको व्यवस्था गर।
१७. चैत्र २४ को हत्याकाण्डको न्यायिक जाँच गर।
१८. सम्पूर्ण राजबन्दीलाई तुरुन्त रिहा गर।
१९. देशभर चलाइएको श्वेत आतंक बन्द गर।

तसर्थ जनताका आजका यी जल्दाबल्दा समस्याहरु पूरा गराउन र गिरिजा सरकारको राजीनामा दिन बाध्य पार्न संघर्षमा साथ दिनुका साथै संयुक्त जनमोर्चाका उम्मेदवारहरुलाई न्यायप्रेमी जनसमुदायले आफ्नो सही मित्र ठान्नु हुनेछ र मजदूर किसान एकताको प्रतीक हँसिया-हथौडा र त्यसको मुनि रहेको पाँच कुने तारामा छाप लगाई उनीहरुलाई अत्यधिक मतले विजयी गराउनु हुनेछ भन्ने कुरामा विश्वस र भरोसा संयुक्त जनमोर्चा नेपालले लिएको छ।

**संयुक्त जनमोर्चा, नेपाल**

# हाम्रा नाराहरू

- स्थानीय चुनावको क्रान्तिकारी उपयोग गरौं
  नयां जनवादी आन्दोलनलाई सहयोग थपौं

- सम्पूर्ण अधिकार र सत्ता जनताको हातमा
  लगाऔ छाप हँसिया-हतौडा-तारामा

- हँसिया, हतौडा र चम्किलो तारा
  स्थानीय स्वायत्त शासन हाम्रो नारा

- पंच-कांग्रेसबाट देश सधै खतरामा
  छाप लगाऔ हँसिया-हतौडा-तारामा

- देश बेच्न पाइँदैन
  गिरीजा सरकार चाहिँदैन

- बजार भाउ सस्तो गर
  हत्यारा गिरीजा राजीनामा गर

- शहीदको रगत ताजै छ
  हाम्रो संघर्ष जारी छ

- १९-सूत्रीय माग पूरा गराउन
  भोट दिउँ हँसिया-हतौडा-तारामा

- प्रतिक्रियावादीहरुलाई हराऔ
  प्रगतिशीलहरुलाई जिताऔ

---

प्रकाशक : संयुक्त जनमोर्चा नेपाल,
स्थानीय निर्वाचन केन्द्रीय संचालन समिति, काठमाडौं, फोनः २२८१०५

मदन पुरस्कार पुस्तकालय
Digitized by Madan Puraskar Pustakalaya